नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमि प्रशासन कार्यालय, सोलुखुम्बु

## भूमि प्रशासन कार्यालय सोलुखुम्बुबाट प्रकाशित जग्गा नामसारी सम्बन्धि हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

यसमा कोशी प्रदेश मोरङ जिल्ला बेलबारी नगरपालिका वडा नं. १० बस्ने सागर सिं राईको बुहारी तर्क बहादुर राईको पत्नी (ना.प्र.नं. ६३७/५८५ जारी मिति २०५९/११/२२ जिल्ला प्रशासन कार्यालय, संखुवा-सभा) को शान्ती राई.....१, ऐ.ऐ.बस्ने सागर सिंको बुहारी सबत बहादुर राईको पत्नी (ना.प्र.नं. ०५३२०/४३९ जारी मिति २०६३/१२/११ मोरङको) सन्चुमाया राई......१. समेत दुई जनाले हाम्रो ससुरा सागर सिं राईको मिति २०५७/०६/१५ मा एकमात्र सासु आमा अम्बिका राईको मिति २०४३/०३/१६ मा मृत्यु भएको हो । हाम्रो सासु ससुराबाट तीन जना छोराहरु जेठा तर्क बहादुर राई, माइला सबत बहादुर राई र कान्छा गज बहादुर राई तथा एक छोरी समेत चार जना सन्तानहरुको जायजन्म भएकोमा एक छोरी विवाह गरी आफ्नो घर गईसकेको हो । तीन जना छोराहरु मध्ये जेठा तर्क बहादुर राईको मिति २०७५/०१/१२ मा तथा माइला सबत बहादुर राईको मिति २०७०/०२/२८ मा मृत्यु भएको हो । कान्छा गज बहादुर राई मिति २०४० साल देखी वेपत्ते भएको हो । मृतक तर्क बहादुर राईको एकमात्र पत्नी शान्ती राई तथा मृतक सबत बहादुर राईको एकमात्र पत्नी सन्चुमाया राई मात्र भएकोले हाम्रो मृतक ससुराको कानुनी हकदार हामी दुई छोरा बुहारीहरु मात्र भएकोले मृतक ससुरा सागर सिं राईको नाममा रहेको सोलुखुम्बु जिल्ला साविक नेचाबेतधारी गा.वि.स.वडा नं. ८ को कि.नं. २४१, २२९ र २५२ क्षेत्रफल क्रमशः ३२१५, १९१५ र ३०० व.मि. जग्गाहरु नामसारी गरी पाँउ भनी द.नं. १६५७ मिति २०८३/०१/३० को निवेदनबाट माग दावी गरेकाले माग बमोजिम निवेदकका नाममा नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा गज बहादुर राई वेपत्ते नभएको भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको / टाँस भएको मितिले बाटाको म्यादबाहेक ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला । अन्यथा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

इति संवत् २०८३ साल जेष्ठ महिनाको ०८ गते रोज ०६ शुभम् .........।